# गोदावरी नगरपालिका

## गोदावरी नगरकार्यपालिकाद्वारा प्रकाशित

# शिक्षा ऐन, २०७९

## बागमती प्रदेश ललितपुर नेपाल

गोदावरी नगरपालिका, ललितपुर

नेपालको संविधानको धारा २२६ (१) ले दिएको अधिकार प्रयोग गरी गोदावरी नगरपालिका भित्र विद्यालय शिक्षा व्यवस्थापन गर्नको लागि गोदावरी नगर सभाले यो ऐन बनाएको छ ।

**प्रस्तावनाः** यस नगरपालिका र देश विकासको लागि सबै बालबालिका र युवाका लागि उच्च गुणस्तरको ज्ञान र सीप दिन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम गर्दै यस नगरपालिकामा स्थापना हुने तथा स्थापना भई सञ्चालन भैरहेका विद्यालयहरूको व्यवस्थापनमा सुधार गरी गुणस्तरयुक्त विद्यालय शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले गोदावरी नगरसभाले यो ऐन बनाएको हो ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः** (१) यस ऐनको नाम "गोदावरी नगरपालिका शिक्षा ऐन,२०७९" रहेको छ ।

(२) यो ऐन गोदावरी नगरपालिका भर लागू हुनेछ र तुरन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन नगर सभाले पारित गरी राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२.परिभाषाः विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमाः-**

(क) "प्रारम्भिक बालशिक्षा" भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकाहरुलाई दिइने एक वर्षको प्रारम्भिक शिक्षा सम्झनु पर्छ ।

(ख) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ग) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(घ) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा, अटिजम, बौद्धिक अपाङ्गता, श्रवणहिन, सुस्तश्रवण वा अतिअशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ ।

(ङ) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनु पर्छः—

(१) दृष्टिविहिन, न्यून दृष्टियुक्त, श्रवणहिन, सुस्तश्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधीनमा रही दिइने शिक्षा ।

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणबाट पछाडि पारिएका व्यक्ति समुदायलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।

(च) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक शिक्षा सम्झनु पर्छ ।

(छ) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने,

प्रकृतिको नेपाल सरकार वा स्थानीय सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(ज) "साधारण सामुदायिक विद्यालय"भन्नाले दफा ३ (१) (क) बमोजिमका विद्यालय सम्झनुपर्छ ।

(झ) "स्वायत्त सामुदायिक विद्यालय"भन्नाले दफा ३ (१) (ख) बमोजिमका विद्यालय सम्झनुपर्छ ।

(ञ) "एकमुस्ट अनुदानमा आधारित सामुदायिक विद्यालय" भन्नाले दफा ३ (१) (ग) बमोजिमका विद्यालय सम्झनुपर्छ ।

(ट) "संस्थागत विद्यालय" भन्नाले निजी पहलमा स्थापना गरिएको संघीय, प्रादेशिक वा स्थानीय सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ठ) "विद्यालय" भन्नाले सामुदायिक विद्यालय वा संस्थागत विद्यालय सम्झनु पर्छ ।

(ड) "प्रारम्भिक बालशिक्षा केन्द्र" भन्नाले प्रारम्भिक बालशिक्षा दिने केन्द्र सम्झनु पर्छ ।

(ढ) "आधारभूत विद्यालय" भन्नाले खण्ड (ख) को परिधिभित्रको शिक्षा दिइने विद्यालय सम्झनु पर्छ ।

(ण) "माध्यमिक विद्यालय" भन्नाले खण्ड (ख) र (ग) को परिधिभित्रको शिक्षा दिइने विद्यालय सम्झनु पर्छ ।

(त) "शिक्षा अधिकारी" भन्नाले नगरपालिको शिक्षा हेर्ने शाखा प्रमुखलाइ सम्झनु पर्दछ ।

(थ) "अधिकृत" भन्नाले नगरपालिकामा कार्यरत शिक्षा अधिकृत सम्झनु पर्दछ यसले विद्यालय निरीक्षक समेतलाई जनाउँछ ।

(द) "शिक्षक" भन्नाले विद्यालयको सबै प्रकारको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ ।

(ध) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले दफा १२ को प्रयोजनको लागि विद्यार्थीको बाबु, आमा, बाजे वा बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा संस्थागत संरक्षकत्व प्रदान गर्ने संस्थालाई समेत जनाँउछ ।

(न) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनुपर्छ ।

(प) "आधारभूत शिक्षा परीक्षा" भन्नाले आधारभूत तह (कक्षा ८) को अन्त्यमा हुने परीक्षा सम्झनु पर्छ ।

(फ) माध्यमिक शिक्षा परीक्षा" भन्नाले माध्यमिक तह (कक्षा १२)को अन्त्यमा हुने परीक्षा सम्झनु पर्छ ।

(व "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(भ) "अनुमति" भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति प्रदान गरि नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ ।

(म) "स्वीकृति" भन्नाले तोकिएबमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।

(य) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ ।

(र) "नगरपालिका" भन्नाले गोदावरी नगरपालिका सम्झनु पर्दछ ।

(ल) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्ति वा संस्थाले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(व) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।

**३. विद्यालयको प्रकारः विद्यालय दुई प्रकारका हुनेछन्:** (१) सामुदायिक विद्यालय (२) संस्थागत विद्यालय

१) सामुदायिक विद्यालयको प्रकारः (१) सामुदायिक विद्यालय निम्न प्रकारका हुनेछन्ः

(क) साधारण वा साविकः नगरपालिकाबाट शिक्षक कर्मचारीको दरवन्दी उपलब्ध हुने र शिक्षक व्यवस्थापन तोकिए बमोजिम विद्यालय व्यवस्थापन समिति र नगरपालिकाबाट संयुक्त रुपमा हुने ।

(ख) स्वायत्तः शिक्षक कर्मचारीको दरवन्दी र व्यवस्थापन नगर शिक्षा समितिले गर्नेछ।

(ग) एकमुस्ट अनुदानमा आधारितःनगरपालिकाबाट शिक्षक कर्मचारीको दरवन्दी उपलब्ध नभएका र नहुने । विद्यार्थी संख्याको आधारमा नगरपालिकाबाट एकमुस्ट अनुदान दिइनेछ ।

२) संस्थागत विद्यालयको प्रकारः (१) संस्थागत विद्यालय निम्न प्रकारका हुनेछन्ः

(क) साविक कंपनी ऐन अन्तर्गत सञ्चालित भै नगरशिक्षा ऐनले तोकेबमोजिम संचालित

(ख) शैक्षिक गुठी अन्तर्गत सञ्चालित भै नगरशिक्षा ऐनले तोकेबमोजिम संचालित

(ग) साविक सहकारीबाट सञ्चालित भै नगरशिक्षा ऐनले तोकेबमोजिम संचालित

**४.विद्यालय खोल्न अनुमति लिनु पर्नेः** (१) नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई नगरपालिकाको तोकिएको अधिकारी समक्ष अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा तोकिएकोअधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएको शर्तबन्देज पालन गरेको देखिएमा तोकिएको अधिकारीले स्वीकृति प्रदानगर्नेछ ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनी वा सहकारीको रुपमा सञ्चालनमा रहेका विद्यालयले चाहेमा कम्पनी वा सहकारी खारेज गरी शैक्षिक गुठी अन्रतगत विद्यालय सञ्चालन गर्न तोकिएको अधिकारी समक्ष निवेदन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदनउपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा मागबमोजिम विद्यालय सञ्चालन गर्न अनुमति वा स्वीकृति दिनेछ ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइनेछैनः—

(क) सरकारी वा सार्वजनिक जग्गामा भवन सञ्चालन भएको विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाइ सञ्चालन भएको विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहायका कुरामा देहायबमोजिम गर्नुपर्नेछः —

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा सञ्चालक बोर्ड (ट्रष्टी) सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका गुठीका सञ्चालक (ट्रष्टी) ले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा कामगर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने ।तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको स्वीकृति लिनु पर्नेछ ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ ।

(९) उपदफा (७घ) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछन् ।

(१०) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशीशिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन ।

**५. विद्यालयको सञ्चालनः** विद्यालयको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**६. परीक्षाको परिचालन र नियन्त्रणः** आधारभूत तह उत्तीर्ण परीक्षा र माध्यमिक तह उत्तीर्ण परीक्षाको परिचालन र नियन्त्रण तोकिए बमोजिम हुनेछ ।

(२) विद्यालय तहका आवधिक परीक्षाहरुको सञ्चालन र नियमन तोकिए बमोजिम हुनेछ ।

**७.माध्यमिक शिक्षाको प्रकारः** माध्यमिक शिक्षा देहायका प्रकारका हुनेछन्ः—

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा ।

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

**८. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः**(१) नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

(२) कुनै विद्यालयले विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा वा खुला शिक्षा सञ्चालन गर्न चाहेमा नगरपालिकाले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सो विद्यालयलाई त्यस्तो शिक्षा सञ्चालन गर्न तोकिए बमोजिम स्वीकृति दिन सक्नेछ ।

(३) दूर शिक्षा, विशेष शिक्षा र समावेशी शिक्षाको सञ्चालन साधारण शिक्षा सरह हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि दृष्टिविहिन, न्यून दृष्टियुक्त, पूर्ण दृष्टिविहिन, श्रवणविहिन, सुस्तश्रवण, अटिज्म, बौद्धिक अपाङ्गता तथा श्रवण दृष्टि विहिन भएका बालबालिकाको लागि पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षण सिकाइ र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्न सकिनेछ ।

अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र दूर तथा खुला शिक्षाको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

**९. शिक्षाको माध्यमः**(१) विद्यालयमा शिक्षाको माध्यम मातृ तथा स्थानिय भाषा, नेपाली भाषा, अंग्रेजी भाषा वा तिनैभाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहायबमोजिम हुन सक्नेछः—

(क) आधारभूत शिक्षा मातृभाषामा दिन सकिनेछ,

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्नसक्नेछ,

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ,

(घ) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा माध्यम अंग्रेजी भाषामा नै गराउनु पर्नेछ ।

**१०.विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः** विद्यालयले नेपाल सरकारले ताकेको सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नगरपालिकाले तोके बमोजिमको पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नु पर्छ ।

**११.शिक्षक नियुक्ति तथा बढुवाः** (१) साधारण सामुदायिक विद्यालयमा नेपाल सरकार वा नगरपालिका बाट स्वीकृत दरबन्दी अनुसार रिक्त शिक्षक पदको नियुक्ति तथा त्यस्तो पदमा नियुक्त शिक्षकको बढुवा तोकिए बमोजिम हुनेछ

**१२.नगर शिक्षा समितिः** (१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, व्यवस्थापन र समन्वय गर्ने कामको लागि नगरपालिकामा देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछः

•(क) नगरपालिकाको प्रमुख — अध्यक्ष

•(ख) नगरपालिकाको उपप्रमुख -सदस्य

•(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

•(घ) नगरपालिकाको सामाजिक विकास समितिको संयोजक -सदस्य

•शिक्षा ऐन, २०७९लाई २०८०।०९।२५ गतेको नगरसभा बाट पहिलो संशोधन

•(ङ) नगरपालिका क्षेत्रभित्र रहेका विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट नगरप्रमुखले मनोनित गरेको एक जना -सदस्य

•(च) नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयका प्र.अ./शिक्षकहरु मध्येबाट नगरप्रमुखले मनोनीत गरेको एक जना महिला सहित दुईजना — सदस्य

•(छ) नगर स्तरीय शिक्षक महासंघको अध्यक्ष - सदस्य

•(ज) नगरपालिका स्थित संस्थागत विद्यालयको प्रतिनिधित्व गर्ने संघ संगठनहरु मध्येबाट नगरप्रमुखले मनोनित गरेको एकजना -सदस्य

•(झ) शाखा प्रमुख -सदस्य- सचिव

•(२) आवश्यकता अनुसार नगर स्थित विषयगत शाखाका प्रमुख सामुदायिक क्याम्पस प्रमुख सामुदायिक क्याम्पसका क्याम्पस प्रमुख शिक्षकका पेशागत संस्थाका प्रतिनिधि नगर बाल सञ्जालका प्रतिनिधिलाई आमन्त्रित सदस्यका रुपमा बैठकमा आमन्त्रण गर्न सकिनेछ।

(३) नगर शिक्षा समितिको अध्यक्षले आवश्यकता अनुसार सदस्यहरु हेरफेर गर्न सकिन्छ।

**१३.घुम्ति विद्यालय सञ्चालन गर्न सक्नेः** नगरपालिकाले तोकिएबमोजिमको घुम्ती विद्यालय सञ्चालन गर्न सक्नेछ ।

**१४. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः** नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

**१५.अध्यापन अनुमतिपत्र लिनु पर्नेः** (१) यो ऐन प्रारम्भ भएपछि अध्यापन अनुमतिपत्र नलिई स्थायी, अस्थायी, राहात र करार शिक्षक पदको लागि उम्मेदवार हुन पाउने छैन । अध्यापन अनुमति पत्र लिने व्यवस्था तोकिए बमोजिम हुनेछ तर स्वयमसेवक शिक्षकको हकमा यो लागु हुनेछैन।

**१६.अनुदानको व्यवस्थाः**(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा नगरपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ । तर कुनै विद्यालयले

•शिक्षा ऐन, २०७९लाई २०८०।०९।२५ गतेको नगरसभा बाट पहिलो संशोधन

तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्तो विद्यालयलाई दिँदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) सामुदायिक विद्यालयहरुलाई स्वीकृती पश्चात तोकिए बमोजिम दरवन्दी उपलब्ध गराइने छ ।

(३) अनुमति प्राप्त सामुदायिक विद्यालयलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराईनेछ ।

**१७.छात्रवृत्तिको व्यवस्था गर्न सक्नेः** नगरपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्थागर्न सक्नेछ ।

**१८.प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदान दिन सक्नेः** नगरपालिकाले नगरपालिकाको सहयोगमा खोलिएका वा यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल सरकारबाट अनुदान प्राप्त गरी रहेका प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिम अनुदान दिन सक्नेछ ।

**१९. प्रारम्भिक बाल शिक्षा सम्बन्धी व्यवस्थाः** •प्रारम्भिक बाल विकास केन्द्र र शिशु शिक्षा केन्द्र(मन्टेश्वरी) सञ्चालनको अनुमति तथा स्वीकृति सम्बन्धित वडा कार्यालयको सिफारिसमा नगरपालिकाले गर्नेछ।यस सम्बन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

**२०. विद्यालय व्यवस्थापन समितिः** (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः—

(क) विद्यालयका अभिभावकले आफुमध्यबाट छानी पठाएका दुइजना महिला सहित ४ जना — सदस्य

(ख) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी तथा विद्यालयलाई दश लाख वा सोभन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरु मध्यबाट वि.व्य.स.ले मनोनित गरेको १जना महिला सहित २ जना - सदस्य

(ग) विद्यालय रहेको संवन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको •वडा सदस्य - सदस्य

(घ) विद्यालयका शिक्षकहरुको आफुमध्यवाट छानी उठाएको एकजना -सदस्य

(च) प्रधानाध्यापक -सदस्य सचिव

(२)विद्यालय स्तरीय बालक्लवले मनोनयन गरेको एक बालक र एकजना बालिका गरी २ जना स्थायी आमन्त्रित सदस्य हुनेछन।नगरपालिका शिक्षा अधिकृतलाई पर्यवेक्षकको रुपमा वैठकमा आमन्त्रण गरिनेछ ।

•शिक्षा ऐन, २०७९लाई २०८०।०९।२५ गतेको नगरसभा बाट पहिलो संशोधन

(३) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एकजना अपाङ्गता भएका व्यक्ति सदस्य हुनेछन ।

•३(क) सर्वसम्तीबाट संम्बन्धित वडा अध्यक्ष नै सो समितिको अध्यक्ष हुनेछ। सर्वसम्मत हुन नसकेमा विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा १ को खण्ड(क),(ख) वा (ग) बमोजिमका सदस्यहरुमध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ।

(४) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिको जेष्ठ सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(५) विद्यमान व्यवस्थापन समितिको म्याद सिद्धिन भन्दा कम्तिमा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन बहालवाला व्यवस्थापन समितिले गर्नु पर्नेछ । यसो हुन नसकेमा वा व्यवस्थापन समिति गठनमा विवादित भएमा विद्यालय व्यवस्थापन तथा वि.व्य.स गठन सहजीकरणको लागि नगरकार्यपालिकाले तपसिल बमोजिमको अस्थायी विद्यालय व्यवस्थापन तदर्थ समिती गठन गर्न सक्नेछ ।

क. सम्वन्धित वडाको वडा अध्यक्ष - संयोजक

ख. नगर शिक्षा प्रमुख वा निजले तोकेको प्रतिनिधि - सदस्य

ग. सम्वन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य

(६) व्यवस्थापन समिति गठन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(७) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः—

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट विद्यालयको सिफारिसमा शाखा प्रमुखले मनोनीत गरेको व्यक्ति — अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट एकजना महिलासमेत पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको दुईजना — सदस्य

(ग) स्थानीय शिक्षाप्रेमी वा समाजसेवीहरू मध्येबाट नगरपालिकाले मनोनीत गरेको एकजना —सदस्य

(घ) सम्बन्धित विद्यालयको शिक्षकहरुले आफूहरू मध्येबाट छानी पठाएको एकजना महिला सहित २ जना — सदस्य

•शिक्षा ऐन, २०७९लाई २०८०।०९।२५ गतेको नगरसभा बाट पहिलो संशोधन

(ङ) विद्यालयको प्राधानाध्यापक —सदस्य—सचिव

(८) उपदफा (१) र (९) बमोजिम छानिएका वा मनोनीत अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा नगरपालिकाको शिक्षा समितिले निजलाइ जुनसुकै बखत पदबाट हटाउन सक्नेछ तर त्यसरी हटाउनु अघि निजलाइ आफ्नो सफाइ पेशगर्ने मौकाबाट बन्चित गरिने छैन ।

(९) राजीनामा स्वीकृत गर्नेः व्यवस्थापन समितिका सदस्यको राजीनामा सो समितिका अध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजीनामा सम्बन्धित व्यवस्थापन समितिले स्वीकृत गर्नेछ ।

(१०) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य रअधिकार देहाय बमोजिम

हुनेछः—

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालनगर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउनेर सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी नगरपालिकालाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक,धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) नगरपालिकाबाट खटिएको शिक्षकलाई हाजिर गराई काममा लगाउने,

(छ) नगरपालिकाले तोकेको रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने,

(ज) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन

नगरपालिकामा पेश गर्ने,

(झ) तोकिए बमोजिमका क्षेत्रसंग सम्बन्धित नगरपालिकाले दिएको निर्देशनहरूको पालना गर्ने,

(ञ) तोकिए बमोजिम दरवन्दीका शिक्षकलाई विभागिय कारवाही को लागि नगर शिक्षा समिति समक्ष सिफारिस गर्ने ।

गोदावरी नगरपालिका, ललितपुर

(ट) विद्यालयको श्रोतबाट खर्च व्यहार्ने गरी नियुक्त वा बढुवा गरेका शिक्षकको लागि सेवा, शर्त र सुबिधा तोक्ने र तोकिए बमोजिमको पारिश्रमिक तथा सुविधाको व्यवस्था गर्ने ।

(ठ) विद्यालयको भौतिक संरचना निर्माण गर्दा अनिवार्य नक्सा स्वीकृति लिनुपर्नेछ। निर्माण भईसकेको हकमा अभिलेखिकरण गर्नुपर्नेमा उक्त कार्यको लागि आवश्यक पर्ने प्राविधिक लागत शुल्क निशुल्क प्रदान गरिनेछ।

(ड)प्रत्येक शिक्षकको कार्यमुल्याङकन प्रतिवेदन वार्षिक रुपमा अभिलेख राखि बुझाउने।

(ढ) शिक्षाको गुणस्तर कायम गर्ने सम्बन्धमा शिक्षक अभिभावक संघगठन गर्ने ।

(११) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः—

(क)विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालनगर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) विद्यालयले नगरपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने,

(च) अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) एक वर्ष वा सो भन्दा वढी अस्थायी रुपमा कार्यरत शिक्षकहरुको हकमा तत्काल १ महिना भित्र नियुक्ति पत्र दिई सो को विवरण नगरशिक्षा समितिमा वुझाउनु पर्नेछ। नयाँ अस्थायी शिक्षकहरुको हकमा ६ महिना सेवा अवधि पुरा भैसकेपछि १ महिना भित्र स्थायी नियुक्ति पत्र दिई सो को जानकारी नगर शिक्षा समितिवाट जानकारी दिनुपर्नेछ।

(ज) नेपाल सरकारले तोकेको न्यनतम तलब स्केलमा नघटाई शिक्षकलाई वैक खातामार्फत तलव, भत्ता, लगायत सुविधा दिनुपर्नेछ। प्रत्येक शिक्षकको व्यक्तिगत स्थायि लेखा नं. लिनुपर्नेछ।

(झ) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,

(ञ) नगरपालिकाले दिएका तोकिएका क्षेत्र संग सम्बन्धित निर्देशनहरूको पालना गर्ने ।

(ट) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको संचालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(ठ) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठकसम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ ।

(ठ) संस्थागत विद्यालयले सरकारी वा सार्वजनिक सम्पत्तीमा संरचना बनाई प्रयोग गर्न पाउने छैन ।

**२१.विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिनेः**

(१) कुनै विद्यालयको विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सोको कारण खुलाइ नगरपालिकाले त्यस्तो विद्यालय व्यवस्थापन समितिलाइ तोकिएको प्रकृया पुर्याइ विघटन गर्न सक्नेछ । तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइपेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न नगरपालिकाले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

**२२. विद्यालयको विधानः** (१) प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, संचालन पकृया लगायतका अन्य सान्दर्भिक विषय वस्तु समावेश गरिएको विधान अभिभावक सभाबाट पारित गराई लागु गर्नु पर्नेछ ।

(२) बैठकमा उपस्थित दुई तिहाइ वाट अभिभावक सभाले विधान आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ ।

(३) विधानअनुसार विद्यालय संचालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत अन्य सबैको कर्तव्य हुनेछ ।

(४) अध्यावधिक विधानको प्रतिलिपि पारित भएको मितिबाट ७ दिन भित्र व्यवस्थापन समितिले नगरपालिका शिक्षा समितिमा पेश गर्नु पर्नेछ ।

(५) विद्यालयको विधान सार्वजनिक दस्तावेज हुनेछ।

(६) नगर शिक्षा समितिको पूर्व स्वीकृतिमा विद्यालयमा अभिभावकहरु विद्यालय संस्थापकहरु चन्दादाताहरु विद्यालयमा अक्षयकोष स्थापना गर्ने व्यक्तिहरु विव्यस पदाधिकारिहरु तथा शिक्षक अभिभावक संघका पदाधिकारिहरु सम्मिलित अभिभावक सभासभाको गठन हुनेछ ।

७) विद्यालयमा अध्ययनरत विद्यार्थी, शिक्षक, कर्मचारीको अनिवार्य स्वास्थ्य विमा गर्नुपर्नेछ।

८) शिक्षकको हक हितको लागि सामाजिक सुरक्षा कोषमा अनिवार्य समावेश हुनुपर्ने।

९) एक वर्ष वा सो भन्दा बढी अध्यापनमा संलग्न शिक्षकको अवकास हुदाँ आर्थिक उपदान उपलब्ध गराउनु पर्नेछ।

**२३. नगरपालिका शिक्षा विकास कोषः** (१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुर्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि नगरपालिका स्तरमा एक नगर शिक्षा विकास कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्ः—

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम, नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) संस्थागत विद्यालयबाट प्राप्त त्यस्तो विद्यालयको वार्षिक कूल आम्दानीबाट संचालन तथा ब्यवस्थापन खर्च कटाई हुन आउने खुद बचत रकम मध्य नगरकार्यपालिकाले तोके बमोजिमको रकम,

(ग) चन्दाबाट प्राप्त रकम,

(घ) आधारभूत शिक्षा परीक्षा सञ्चालनको लागि संस्थागत विद्यालयलाई प्रति विद्यार्थीको आधारमा नगर स्तरीय परीक्षा समितिले तोकेको शूल्क

(ङ) विद्यालय अनुमित तथा स्वीकृति लिंदा नगर कार्यपालिकाले तोकेको शूल्क

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

**२४. कोष सञ्चालक समितिः** (१) कोष सञ्चालक समिति नगर शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोष सञ्चालक समितिको अन्य काम, कर्तव्य रअधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ ।

**२५.विद्यालय कोषः** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहायका रकमहरू रहनेछन्ः—

(क) नेपाल सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,

(ख) नगरपालिका शिक्षा विकास कोषबाट प्राप्त अनुदान,

(ग) शुल्कबाट आउने रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तोकिए बमोजिम हुनेछ ।

**२६.नगरपालिकाले निर्देशन दिन सक्नेः** (१) नगरपालिकाले तोकिएको क्षेत्रसंग सम्बन्धित निर्देशन आवश्यकता अनुसार विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।



गोदावरी नगरपालिका, ललितपुर

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

**२७.नगरपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेः**

नगरपालिकाले सञ्चालन भइरहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा शिक्षाको गुणस्तर सुधार्ने प्रयोजनका लागि दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न विद्यार्थी साथै कक्षा समायोजन वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन सक्नेछ ।

**२८.विद्यालयको सम्पत्तिः** (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाको हुनेछ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र वेचविखन गर्न पाईने छैन बाकीं रहेको सम्पति नगरपालिकाको हुनेछ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालय नगरपालिकावाट लागु गरिएको कानुन वमोजिम दर्ता,नविकरण निजी गुठी अन्तर्गत हुने भएकाले त्यस्तो नियमानुसार हुनेछ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमाकुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकावाट अनुमति लिनुपर्नेछ जानकारी दिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु पुर्वनेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको स्वीकृति बेगर बेचबिखन गर्न पाइने छैन ।

**२९. विद्यालयलाई छुट र सुविधाः** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा खरिद लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन साथै प्रचलित कानुन बमोजिम हुनेछ।

(२) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छूट र सुविधा तोकिएबमोजिम हुनेछ ।

**३०. अनुमति वा स्वीकृति रद्द गर्नेः** कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकारीले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

**३१.विद्यालयको वर्गीकरणः** विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ ।

**३२.विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्नेः** (१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजनागर्न तथा विद्यालय भित्र कुनै पनि किसिमको अवाञ्छित कृयाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ ।

(२) उपदफा (१) वमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए वमोजिम हुनेछ ।

**३३. शुल्कसम्बन्धी व्यवस्थाः** (१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा तोकिएको शुल्क बाहेक अन्य कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन सकिनेछ ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्राप्त गर्ने अधिकार हुनेछ ।निःशुल्क शिक्षाको प्रावधानलाई प्रभावकारी बनाउन तथा शिक्षाको गुणस्तर कायम गर्न नगरपालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) दृष्टिविहीन बालबालिकालाई ब्रेललिपि, श्रवणविहिन र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका बालबालिकालाई साङ्केतिक भाषाको माध्यमबाट निशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ ।

(५) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

(६) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा तोकिएबमोजिम एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(७) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(८) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(९) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्नेछ ।

(१०) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई एक लाख रुपैया सम्म जरिवाना र दर्ता नविकरण अनुमति रद्द गर्न सक्नेछ।

(११) बार्षिक शुल्कको नाममा कुनै पनि थप शुल्क लिन पाउनेछैन।

**३४. शिक्षक महासंघ, शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः** (१) सामुदायिक विद्यालयका शिक्षकहरूको पेशागत हक हितको सम्बन्धमा कार्य गर्न तोकिए बमोजि एक शिक्षक महासंघ रहनेछ ।

**३५. देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाइनेछः—**

(क) तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरेमा,

(१) साधारण सामुदायिक विद्यालयको लागि पदीय दायित्व तोकिए बमोजिम हुनेछ ।

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक कृयाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी सदस्य रहेको पाइएमा।

**स्पष्टिकरणः** यस खण्डको प्रयोजनको लागि "कार्यकारिणी समिति भन्नाले राजनीतिक दलको विधान वमोजिम गठित कुनैपनि तहको पदमा रहेको समिति सम्झनु पर्छ ।

**३६.स्थायी आवासीय अनुमति लिन नहुनेः** सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले विदेशमा

स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरुलाई दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

**३७. शैक्षिक योग्यताः** विद्यालयको शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ ।

**३८. शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्नेः** नगरपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्नेछ ।

**३९. शिक्षकलाई अन्य काममा लगाउन नहुनेः** (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार वा नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**४०.अदालतको आदेशवाट पुनःबहाली हुन सक्नेः**(१) विभागीय सजाय भई नोकरीबाट हटाइएको वा बरखास्त भएको शिक्षक अदालतको आदेश वा फैसला बमोजिम नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनःबहाली भएको मिति सम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सो समेतपाउनेछ ।

**४१.शिक्षकको सरुवाः** (१)नगरपालिका भित्र कार्यरत शिक्षकलाई कक्षा संचालनमा सहज हुनेगरी नगरपालिकाको तोकिएको अधिकारीले तोकिए बमोजिमको प्रकृया अपनाइ सरुवा गर्न सक्नेछ ।

(२) सरुवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाई नगरपालिका भित्रका कार्यरत विद्यालयमा नगरपालिकाको सहमतिमा कक्षा संचालनमा बाधा नपर्ने गरी अर्को नगरपालिकामा सरुवाको लागि तोकिएको अधिकारीले तोकिए बमोजिमको प्रकृया अपनाइ सहमति दिन सक्नेछ ।

**४२. दरवन्दी मिलानः** (१)तोकिएको मापदण्डको आधारमा बढी दरवन्दी भएको नगरपालिका भित्रको विद्यालयहरुबाट दरवन्दी अपुग भएको नगरपालिका भित्रको विद्यालयहरुमा रिक्त दरवन्दी वा शिक्षक सहितको दरवन्दी अनिवार्य रुपमा तोकिएको अधिकारीले तोकिएको प्रकृया पुरा गरी शैक्षिक सत्र प्रारम्भ हुनुभन्दा अगावै सार्नु पर्नेछ ।

•४२(क) विद्यार्थी संख्या कम भई विद्यालय गाभ्न वा तह घटाउनु परेमा सम्बन्धित वडा कार्यालयको समन्वयमा नगर शिक्षा समितिले निर्णय गरी गर्न सक्नेछ।

**४३.संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः**(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी स्थानीय विपन्न, अपाङ्ग, महिला, दलित,जनजाति लगायतका विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।सो को अभिलेख राखि प्रत्येक शैक्षिक सत्रमा नगरशिक्षालाई जनाकारी दिनु पर्ने छ।

•शिक्षा ऐन, २०७९लाई २०८०।०९।२५ गतेको नगरसभा बाट पहिलो संशोधन

(२) उपदफा (१)बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक, नगरपालिका शिक्षा शाखाको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेको अभिभावकको प्रतिनिधि सम्वन्धित वडाको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।(छात्रवृति वितरण गर्दा नगर, वडाको सिफारिस अनिवार्य पेश गर्नुपर्नेछ।)

(३) समितिले छनौटको लागि आधार, शर्त र प्रकृया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराइ सार्वजनिक गर्नु पर्नेछ ।

(४) समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

**४४.तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुनेः** दफा ४१ मा उल्लिखितअवस्थामा वा नियमानुसार विदा स्वीकृत गराइ बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैन र त्यस्तोअवधि निजको सेवामा गणना हुने छैन ।

**४५.कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) सामुदायिक विद्यालयमा नगरपालिकाले स्वीकृत गरे बमोजिमको संख्यामा कर्मचारीको दरबन्दी रहनेछ ।

(२) उपदफा (१) बमोजिमका कर्मचारी नियुक्ति, सेवाको सर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४६.बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्रव्यवहार गर्न नहुनेः** (१) कुनै पनि बालबालिकालाई तोकिएको अवस्थामा बाहेक विद्यालयबाट निष्काशन गर्न पाईने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुव्र्यवहार गर्न पाइने छैन ।

**४७. अनुमति विना शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन गर्न नहुनेः** (१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४८.प्रगति विवरण बुझाउनु पर्नेः** संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण नगरपालिकामा बुझाउनु पर्नेछ ।

**४९. दण्ड सजायः** (१)कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई प्रचलित कानुन बमोजिम सजाय हुनेछ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्याएमा त्यस्तो पदिय जिम्मेवारी भएको वा अव व्यक्तिलाई कसूरको मात्रा हेरी एकलाख रूपैयाँसम्म जरिवाना गरि कानुन वमोजिमको सजायको लागि सम्वन्धित निकायमा लेखि पठाउनेछ।

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्यगरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेशगर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूको तर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा ।

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।

(३) उपदफा (१) र (१क) बमोजिमको कसूरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्तोशिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ ।

(४) उपदफा (१) र (१क) मा लेखिए देखि बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लंघन गरेमा तोकिएको अधिकारीले देहाय बमोजिम सजाय गर्नसक्नेछः—

(क) विद्यालयका शिक्षक वा कर्मचारीलाई विभागीय सजाय गर्ने,

(ख) विद्यार्थीलाई विद्यालय वा छात्रावास वा परीक्षाबाट निष्काशन गर्ने,

(ग) कसूरको मात्रा हेरी एक हजार रूपैयाँदेखि एकलाख रुपैया सम्म जरिवाना गर्ने,

(घ) विद्यालयलाई नगरपालिकाको सहायता घटाउने, रोक्ने वा बन्द गर्ने,

(ङ) विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्ने ।

**५०. सम्पत्ति सम्बन्धी मुद्दाको तहकिकात र दायरीः** मुलुकी अपराध संहीता २०७४ मा जुनसुकै कुरा लेखिएको भएतापनि दफा १७ को उपदफा (१) बमोजिम सजायहुने कसूर सम्बन्धी मुद्दाको तहकिकात तोकिएको अधिकारीले गर्नेछ र यस्तो तहकिकातको काम पूरा गरी मुद्दा हेर्ने अधिकारी समक्ष सम्बन्धित विद्यालयको नामबाट मुद्दा दायरगर्नेछ ।

(२) उपदफा (१) बमोजिम मुद्दा तहकिकात र दायर गर्दा तोकिएको अधिकारीले नगपालिकाको कानूनी सल्लाहकार/कानून अधिकृतको राय सल्लाह लिन सक्नेछ ।

**५१. मुद्दा हेर्ने अधिकारीः** दफा ५२ को उपदफा (१) बमोजिम सजाय हुने कसूर सम्बन्धी मुद्दामा तोकिएको अधिकारीले कारवाही र किनारा गर्नेछ ।

**५२.नगरपालिका वादी हुनेः** (१) दफा ५२ को उपदफा (१)र (२) बमोजिमको मुद्दामा नगरपालिका वादी हुनेछ ।

(२) दफा ५२ को उपदफा (२) प्रचलित मुलुकी अपराध संहीता २०७४ र मुलुकी देवानी कार्यविधि समेत अन्तर्गत रहेको मानिने छ ।

**५३. पुनरावेदनः** (१) दफा ५२ को उपदफा (३) अन्तर्गत तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानुनको म्याद भित्र पुनरावेदन शुन्य अदालतमा पुनरावेदन लाग्नेछ ।

(२) दफा ५२ को उपदफा (४) बमोजिम तोकिएको अधिकारीले गरेको सजाय उपर तोकिएको पुनरावेदन शुन्य अधिकारी समक्ष पुनरावेदन लाग्नेछ ।

**५४. नियम बनाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले नियमावली बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्नेगरी सो नियमद्वारा खास गरी देहायका कुराहरूको व्यवस्था हुन सक्नेछः—

(क) विद्यालयको झण्डा, चिन्ह र प्रार्थना,

(ख) विद्यार्थीलाई लाग्ने शुल्क र सो असूल गर्ने तरीका,

(ग) विद्यालयलाई दिइने अनुदान,

(घ) विद्यालयको परीक्षा,

(ङ) विद्यालयको अतिरिक्त क्रियाकलाप र कार्यक्रमको निर्धारण,

(च) विद्यालयका शिक्षक तथा कर्मचारीको शपथग्रहण सम्बन्धी,

(छ) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तरीका र विद्यार्थीहरूको संख्या,

(ज) विद्यालयको सम्पत्तीको अभिलेखिकरण तथा सुरक्षा,

(झ) विद्यालयको छात्रावास चलाउने,

(ञ) विद्यालयको आय—व्ययको जाँच,

(ट) विद्यालयको किताब, बही र अन्य कागजात तयार गर्ने र राख्ने तरीका,

(ठ) विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक तथा सन्दर्भ सामाग्री,

(ड) शिक्षक तथा विद्यार्थीहरूको आचार संहिता,

(ढ) विद्यालयको पुस्तकालय र वाचनालय,

(ण) सह—शिक्षा,

(त) शिक्षण तथा विद्यालय व्यवस्थापन तालीम,

(थ) प्रधानाध्यापकको नियुक्तिका लागि आवश्यक पर्ने योग्यता परिक्षण काम, कर्तव्य र अधिकार तथा सुविधा,

(द) विद्यालयको स्थायी दरवन्दीमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको सेवा शर्त तथा विद्यालयको आन्तरिक स्रोतबाट पारिश्रमिक दिनेगरी नियुक्त हुने शिक्षक कर्मचारीको सेवा सर्त सम्वन्धी,

(ध) विद्यालयका शिक्षकहरूको कानुनको अधिनमा रही अध्यापन अनुमतिपत्र, परिचयपत्र र चिन्ह,

(न) विशेष शिक्षा,

(प) अनौपचारिक शिक्षा,

(फ) दूर शिक्षा तथा खुला शिक्षा,

(ब) विद्यार्थी सल्लाह तथा निर्देशन सेवा,

(भ) अन्य आवश्यक कुराहरू,

(म) आवासीय विद्यालय सञ्चालन गर्ने,

(य) संस्थागत विद्यालय सम्बन्धी,

(र) कोचिङ क्लास, भाषा शिक्षण कक्षा र निजी क्षेत्रमा सञ्चालित शिक्षक प्रशिक्षण कक्षा सम्बन्धी ।

(ल) शिक्षण पेशा क्षमता अभिवृद्धि

(व) करार एवं स्वयंसेवक शिक्षक कर्मचारी नियुक्ती

**५५.बाधा अडकाउ हटाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वित गर्न कुनै बाधाअड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन राजपत्रमा सूचनाप्रकाशित गरी आदेश निकाल्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा यसै ऐनको अङ्ग मानिनेछ ।

गोदावरी नगरपालिका, ललितपुर

**५६.बचाउ र लागू नहुनेः** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्नेछैन ।

गोदावरी नगरपालिका, ललितपुर

शिक्षा ऐन पहिलो संशोधन २०८०

गोदावरी नगरपालिका शिक्षा ऐन २०७९ मा संशोधन गर्नुपर्ने भएकाले गोदावरी नगरसभाले ऐनमा संशोधन गरी पारित गरेको छ ।

| क्रसं | हालको व्यवस्था | थपघट गर्नुपर्ने | थपघट गर्नुपर्ने कारण |
|---|---|---|---|
| १ | दफा १२ नगर शिक्षा समिति:(१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख व्यवस्थापन र समन्वय गर्ने कामको लागि नगरपालिकामा देहाय बमोजिमको नगर शिक्षा समिति रहेनेछ<br>(क) नगरपालिकाको प्रमुख - अध्यक्ष<br>(ख) नगरपालिकाले तोकेको नगरकार्यपालिकाको सदस्यहरु मद्धेबाट कम्तीमा एकजना महिला सहित दुईजना - सदस्य<br>(ग)नगरपालिका क्षेत्रभित्र रहेका विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट नगरपालिकाले मनोनीत गरेको एक जना - सदस्य<br>(घ) नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयका प्रअहरु मध्येबाट नगरपालिकाले मनोनीत गरेको एक जना - सदस्य<br>(ङ) स्थानीय समाजसेवी वा शिक्षा प्रेमी मद्धेबाट नगरपालिकाले मनोनित गरेको एकजना महिला सहित दुईजना - सदस्य<br>(च) शाखा प्रमुख - सदस्य-सचिव<br>(२) आवश्यकता अनुसार संवन्धित विज्ञलाई संघसंथाको प्रतिनिधिलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ । | दफा १२ नगर शिक्षा समिति: (१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख व्यवस्थापन र समन्वय गर्ने कामको लागि नगरपालिकामा देहाय बमोजिमको नगर शिक्षा समिति रहेनेछ (क) नगरपालिकाको प्रमुख - अध्यक्ष<br>(ख) नगरपालिकाको उपप्रमुख - सदस्य<br>(ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य<br>(घ) नगरपालिकाको सामाजिक विकास समितिको संयोजक - सदस्य<br>(ङ) नगरपालिका क्षेत्रभित्र रहेका विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट नगरप्रमुखले मनोनीत गरेको एक जना - सदस्य<br>(च) नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयका प्रअ/शिक्षकहरु मध्येबाट नगरप्रमुखले मनोनीत गरेको एक जना महिला सहित दुईजना - सदस्य<br>(छ) नगर स्तरीय शिक्षक महासंघको अध्यक्ष - सदस्य<br>(ज) नगरपालिकास्थित संस्थागत विद्यालयको प्रतिनिधित्व गर्ने संघ संगठनहरु मद्धेबाट नगरप्रमुखले मनोनित गरेको एकजना - सदस्य<br>(झ) शाखा प्रमुख - सदस्य-सचिव<br>(२) आवश्यकता अनुसार नगर स्थित विषयगत शाखाका प्रमुखऽ सामुदायिक क्याम्पसका क्याम्पस प्रमुखऽ शिक्षकका पेशागत संस्थाका प्रतिनिधिऽ नगर बाल सञ्जालका प्रतिनिधिलाई आमन्त्रित सदस्यका रुपमा बैठकमा आमन्त्रण गर्न सकिनेछ । | स्थानीय परिवेश अनुसार शिक्षा समितिको गठन प्रकृयामा सुधार गर्नुपर्ने देखिएकोले |
| २ | दफा १९ प्रारम्भिक बाल विकास संवन्धी व्यवस्था: प्रारम्भिक बाल विकास शिक्षाको सञ्चालन तथा | दफा १९ प्रारम्भिक बाल विकास संवन्धी व्यवस्था: प्रारम्भिक बाल विकास केन्द्र र शिशु शिक्षा केन्द्र(मण्टेश्वरी) सञ्चालनको अनुमति तथा स्वीकृति | - बालविकास केन्द्रको व्यवस्थापन र नियमनलाई |

| | | | |
|---|---|---|---|
| | व्यवस्थापन सम्वन्धी व्यवस्था तोकए बमोजिम हुनेछ ।<br>(६) उपदफा (२) बमोजिम व्यवस्थापन समितिले स्वायत्व रुपमा सञ्चालन गरेको विद्यालयको आवश्यकता हेरी नगरपालिकाले त्यस्तो विद्यालयलाई थप दरवन्दी उपलब्ध गराउन सक्नेछ । | संवन्धित वडा कार्यालयको सिफारिसमा नगरपालिकाले गर्ने छ । यस सम्वन्धि अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।<br>उपदफा(६) हटाईएको । | सहज बनाउनको लागि<br><br>- उपदफा(६) को दफा १९ संग कुनै संवन्ध नभएकोले हटाईएको । |
| ३ | दफा २०<br>उपदफा (१.ग) विद्यालय रहेको संवन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको शिज्ञ -अध्यक्ष | दफा २०<br>उपदफा (१.ग) विद्यालय रहेको संवन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्य -सदस्य<br>३(क) सर्वसम्तीबाट संवन्धित वडा अध्यक्षनै सो समितिक अध्यक्ष हनेछ । सर्वसम्मत हनु नसकेमा विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा १ को खण्ड (क), (ख) वा (ग) बमोजिमका सदस्यहरूमध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुने छ । | - सिधै अध्यक्ष तोक्न नमिल्ने देखिएकोले<br><br>- समितिका सदस्यहरुको सहमतिमा अध्यक्ष चयन गर्दा विद्यालय सुसञ्चालनमा सकारात्मक प्रभाव पर्ने भएकोले |
| ४ | दफा ४२ पछि **४२**(क) थपिएको | **४२**(क) विद्यार्थी संख्या कम भई विद्यालय गाभ्न वा तह घटाउनु परेमा सम्वन्धित वडा कार्यालयको समन्वयमा नगर शिक्षा समितिले निर्णय गरी गर्न सक्नेछ । | - विद्यालयको दरवन्दी मिलान तथा कक्षा वा तह घटाउने प्रकृयालाई सहज बनाउन |

गोदावरी नगरपालिका, ललितपुर